# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश घोराही दाङ

**खण्ड १० संख्या १ स्थानीय राजपत्र भाग २ मिति २०८३।०१।२४**

## सामुदायिक विद्यालयहरुमा करार सेवामा शिक्षक तथा कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि २०८३

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०१।२१**

घोराही उपमहानगरपालिका अन्तगतका सामूदायिक विद्यालयको स्वीकृत दरवन्दीमा रिक्त हुन आउने शिक्षक तथा कर्मचारी समेतको करार सेवामा नियुक्ति सम्वन्धी व्यवस्थालाई व्यवस्थित, निश्पक्ष एवम् मर्यादित बनाउन आवश्यक भएकोले घोराही उपमहानगपालिका शिक्षा ऐन २०७५ को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको दफा ३० लाई कार्यान्वयन गर्न नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "सामुदायिक विद्यालयहरुमा करार सेवामा शिक्षक तथा कर्मचारी नियुक्ति सम्वन्धी कार्यविधि २०८३" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

(३) यस पूर्व भएको शिक्षक तथा विद्यालय कर्मचारीहरुको करार नियुक्ति यसै कार्यविधि बमोजिम मानिने छ।

**२. परिभाषाः** विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"उपमहानगरपालिका"** भन्नाले घोराही उपमहानगरपालिकालाई सम्झनु पर्छ।

(ख) **"ऐन"** भन्नाले घोराही उपमहानगरपालिका नगर शिक्षा ऐन २०७५ सम्झनु पर्छ। सो शब्दले प्रचलित शिक्षा ऐन समेतलाई जनाउछ।

(घ) **"महाशाखा"** भन्नाले सामाजिक विकास महाशाखा भन्ने सम्झनु पर्छ।

**(ङ) “महाशाखा”** प्रमुख भन्नाले सामाजिक विकास महाशाखा प्रमुख भन्ने सम्झनु पर्छ ।

(**च) “विद्यालय व्यवस्थापन समिति”** भन्नाले प्रचलित ऐन बमोजिम गठन भएका विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(**छ) “शिक्षक”** भन्नाले स्वीकृत दरवन्दी, राहत अनुदान, सट्टा शिक्षक, उ.मा.वि अनुदान संघिय अनुदान, पालिका अनुदान तथा पूर्व प्राथमिक अनुदानमा आधारित अध्यापक  सम्झनु पर्छ ।

**(ज) “कर्मचारी”** भन्नाले विद्यालयमा कार्यरत लेखा तथा प्रशासन सम्वन्धी काम गर्ने कर्मचारीलाई जनाउने छ।

**(झ) “विशेषज्ञ”** भन्नाले सम्वन्धित तहका लागि सामाजिक विकास महाशाखामा सूचीकृत विज्ञ शिक्षक सम्झनु पर्छ ।

**(ञ) “सदस्य”** सदस्य भन्नाले दफा ३ बमोजिम गठिन भएको छनौट तथा सिफारिस समितिको सदस्य सम्झनुपर्छ । सो शब्दले उक्त समितिको संयोजक तथा आमन्त्रित सदस्य समेतलाई जनाउछ ।

(ट) **“समिति”** भन्नाले यस कार्यविधिको दफा ३(१) बमोजिम गठित समिति सम्झनुपर्छ ।

## परिच्छेद २

## छनौट तथा सिफारिस समितिको गठन, काम कर्तब्य र अधिकारः

**३. छनौट तथा सिफारिस समितिको गठनः** (१) सामुदायिक विद्यालयमा रिक्त हुने शिक्षक तथा कर्मचारीको करार सेवामा नियुक्तिको लागि उपयुक्त उम्मेदवारको छनौट तथा सिफारिस गर्न देहाय बमोजिमको छनौट तथा सिफारिस समिति रहने छ :

क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा विद्यालय व्यवस्थापन समितिले तोकेको सो समितिको सदस्य — संयोजक

ख) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य — सदस्य

ग) सामाजिक विकास महाशाखा प्रतिनिधि — सदस्य

घ) विज्ञ सूचीबाट गोलाप्रथाबाट छनौट हुने १ महिला सहित २ जना विषय विज्ञ सदस्य

ङ) सम्बन्धित विद्यालयको प्र. अ. — सदस्य सचिव

(२) छनौट समितिले सामाजिक विकास समितिको संयोजकलाई अनुगमनकर्ताको रुपमा आमन्त्रण गर्न सक्नेछ । समितिले प्रशासनिक सहजताकालागि महाशाखाका कुनै कर्मचारीलाई खटाउन सक्नेछ ।

**४.समितिको काम कर्तव्य र अधिकार:**

**(क)** विद्यालय व्यवस्थापन समितिले रिक्त शिक्षक तथा कर्मचारी पदपूर्तिका लागि चाहिने तह, श्रेणी र विषय समेत खुलाइ माग गरेको विवरण उपर प्रक्रिया अघि बढाउने ।

**(ख)** पदपूर्तिको माग भएकोमा महाशाखाले पद तह श्रेणी र विषय खोली पदपूर्तिको शिक्षा विकास तथा समन्वय इकाइमा अनुमति माग गर्नेछ ।

**(ग)** पदपूर्तिको अनुमति प्राप्त भएपछि विद्यालयले राष्ट्रिय दैनिक पत्रिका र स्थानीय तहका सम्पूर्ण सरकारी कार्यालयमा मुचुल्का सहित सूचना टाँस गर्नुपर्नेछ ।

**(घ)** विज्ञापनको म्याद समाप्त भएपछि छनौट समितिले विज्ञापित पदमा छनौट गरी करारमा नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ ।

**(ङ)** दरखास्तको दस्तुर तथा पाठयक्रम,न्यूनतम् योग्यता प्रचलित शिक्षक सेवा आयोग नियमावली बमोजिम हुनेछ।

**(छ)** परीक्षाको मिति समय र स्थान समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

**(च)** लिखित परीक्षा र अन्र्तवाताबाट उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाई छनोट समितिले करार नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ ।

**(छ)** शिक्षक सेवा आयोगले निर्धारण गरेको करार सूची मध्येका उम्मेदवारले दरखास्त पेश गरेमा सोझै करार सेवामा नियुक्तिका लागि सिफारिस गर्ने ।

**(ज)** कुनै विषयमा सूचीकृत विशेषज्ञ उपलब्ध नभएमा छिमेकी पालिका र जिल्लाहरुमा सूचीकृत विज्ञबाट छनौट गर्ने । विशेषज्ञ सम्भव भए सम्म ३ जना महिला ३ जना पुरुष वि.व्य.सको प्रस्तावमा छनौट समितिको रोहवरमा गोला प्रथाद्धारा छनौट समितिले सोही दिन विज्ञ छनोट गरी परीक्षा सञ्चालन गर्नेछ।

**(झ)** शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोगले तोके बमोजिम  वैकल्पिक उम्मेदवार समेत छनोट गर्नुपर्नेछ ।

**(ञ)** छनौट तथा सिफारिस समितिको पदावधि सम्बन्धित विज्ञापनको हदमा मात्र कायम हुनेछ ।

## परिच्छेद ३

## विषय विज्ञ सम्वन्धी व्यवस्था

**५. विशेषज्ञ सूचिकरण पक्रिया** **(१)** ऐनको दफा ३१ बमोजिम कार्य गर्न विशेषज्ञ हुन चाहने स्थायी शिक्षकले महाशाखाको प्रकासित सूचना बमोजिम तोकेको अवधि भित्र निवेदन दिनुपर्नेछ ।

**(२)** उप दफा (१) बमोजिम सुचना प्रकासित गर्दा साथमा संलग्न हुनु पर्ने कागजातहरु तोकिने छ ।

**(३)** महाशाखाले उप दफा (१) र (२) बमोजिम निवेदन दिएका शिक्षकहरुको निवेदन छानविन गरी आ.वि.र मा.वि.तहका लागि छुट्टा छुट्टै विशेषज्ञ सूची प्रकासित गर्नुपर्नेछ । माथिल्लो तहमा सूचीकृत विशेषज्ञ विषय मिले सम्म तल्लो तहमा विशेषज्ञ हुन वाधा पर्नेछैन ।

**(४)** उप दफा (२) बमोजिम सूची प्रकासित गर्दा आ.वि.र मा.वि. तहका लागि विशेषज्ञ हुने विषय समेत खुलाई सूची प्रकासन गर्नेछ । मौजुदा सूचीमा विज्ञ उपलब्ध नभएमा उच्च शिक्षा प्रदायक संस्थाबाट विज्ञ माग गर्न सक्नेछ ।

**६. विशेषज्ञको योग्यता** : विशेषज्ञ हुन देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।

**(क)** सम्वन्धित तहमा स्थायी सेवा अवधि १ वर्ष पूरा गरी कम्तिमा ३ वर्ष शिक्षण अनुभव भएको हुनुपर्नेछ।

**(ख)** आधारभूत तहका लागि स्नातक वा सो सरह र तालिम प्राप्त हुनुपर्नेछ ।

**(ग)** माध्यमिक तहका लागि स्नातक उर्तिण गरी १० वर्ष स्थायी सेवा गरेको वा स्नातकोत्तर वा सो सरहको उपाधी प्राप्त गरेको र तालिम प्राप्त ।

## परिच्च्देछ ४

## करार नियुक्ति

**७. करारमा शिक्षक तथा कर्मचारीहरुको नियुक्ति**

**(१)** यस कार्यविधि अनुसार छनोट भएका शिक्षक⁄ कर्मचारीहरुको बढीमा छ महिनाको लागि विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयले करारमा नियुक्त गर्नेछ ।

**(२)** करार नियुक्ति भएका शिक्षकको अभिलेखका लागि फाइल खडा गरी १५ दिन भित्र सामाजिक विकास महाशाखामा पेश गर्नुपर्नेछ ।

(३) विद्यालयले करारमा शिक्षक नियुक्त गरेको जानकारी शिक्षा विकास तथा समन्वय इकाइमा तथा महाशाखामा अभिलेखीकरण गर्नुपर्नेछ ।

(४) शिक्षक  सेवा ओयोगबाट स्थायी शिक्षक नियुक्ति भइ आएमा करारमा नियुक्ति भएको शिक्षक जुनसुकै अवस्थामा अवकास हुनेछ ।

**८. वैकल्पिक उम्मेदवारले नियुक्ति पाउने अवस्था :**

(१) सफल उम्मेदवारले सिफारिस भएको मितिले सार्वजनिक विदा बाहेक १५ दिन भित्र नियुक्ति लिई विद्यालयमा हाजिर हुनपर्नेछ ।

(२) उप दफा (१) बमोजिम सफल उम्मेदवारले करार नियुक्ति नलिएमा वा नियुक्ति लिई हाजिर नभएमा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिईनेछ ।

**९. पारिश्रमिक सम्बन्धी व्यवस्था** : (१) छनौट समितिमा रहने सदस्यहरुले प्रति बैठक रु १०००/(एक हजार) का दरले हुन आउने रकम सम्बन्धित विद्यालयबाट नियमानुसार कर कट्टी गरी बढीमा ३ (तीन) वटासम्मको बैठक भत्ता प्राप्त गर्न सक्नेछन। खाजा खाना तथा यातायात वापत रकम प्रदान हुनेछैन ।

**१०. प्रश्नपत्र निर्माण:** (१) छनौट प्रयोजनको लागि आवश्यक प्रश्नपत्र प्रश्न बैंकमा उपलब्ध भएमा सोही बमोजिम (उपलब्ध सेटबाट छनौट समितिको अध्यक्षले छानेको) र नभएमा विज्ञहरुबाट निर्माण गरीएको प्रश्नहरु मोडेरेसन गरी प्रश्नपत्र व्यवस्थापन हुनेछ ।

(२) उत्तर पुस्तिका Coding पश्चात परीक्षणको लागि विज्ञहरुलाई दिइने र परीक्षण पश्चात Decoding गरी लिखित परीक्षाको नतिजा प्रकाशन गरिने छ।

**११. अन्तवार्ता परीक्षा :**  अन्तवार्तामा  ४० प्रतिशत भन्दा घटी र ७० प्रतिशत भन्दा बढी अंक दिइने छैन दिनु परेमा दिनुपर्ने कारण खुलाएर दस्तखत गर्नुपर्नेछ ।

**१२**. यस कार्यविधि बमोजिम हुने: यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम हुने र अन्य कुराहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

**१३ बाधा अड्काउ फुकाउ :** यो कार्यविधिको कार्यान्वयन सम्बन्धमा कुनै समस्या आइपरेमा नगर कार्यपालिकाले उक्त बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले,

रामबहादुर हमाल

प्रमुख प्रशासकीय अधिकृत